☎/🖷 कार्यालय : ०६४-४२०१३६
☎ कार्यालय प्रमुख : ९८५६०४०१३६
☎ सूचना अधिकारी : ९८५६०४३१६५

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, गोरखा

नेपाल

प.सं. :- २०८२/०८३ (योजना तथा व्यवस्थापन शाखा)
च.नं.:- 1822

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, गोरखा

मितिः २०८३/०१/०२

श्री वन तथा वातावरण मन्त्रालय,
गण्डकी प्रदेश, कास्की, पोखरा।

श्री प्रदेश वन निर्देशनालय,
कास्की, पोखरा।

**विषयः सूचना वेवसाइटमा राखिदिने बारे।**

प्रस्तुत विषयको सम्वन्धमा यस कार्यालयबाट मिति २०८२/१२/२५ गते दरौंदी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचनाको विस्तृत सूचना यसै साथ संलग्न छ। उक्त सूचना गण्डकी प्रदेश वन नियमावली २०८१ को नियम ७२ को उपनियम (२) बमोजिम तहाँ मन्त्रालय/निर्देशनालयको वेवसाइटमा राखिदिनुहुन अनुरोध छ।

2083/01/02

मदन मोहन शाण्डिल्य
डिभिजनल वन अधिकृत

मदन मोहन शाण्डिल्य
डिभिजनल वन अधिकृत

✉ dfogorkhaofficial@gmail.com www.dfogorkha.gov.np

CamScanner

अनुसूची १५
दफा ३३ को उपदफा २ सँग सम्बन्धित

# डिभिजन वन कार्यालय, गोरखा

## वन पैदावार (काठ/दाउरा) लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२५ (दरौंदी राष्ट्रिय दैनिक)**

वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ को परिच्छेद १० दफा २८ (ग) (ट) अनुसार विभिन्न आ.व. हरुमा संकलन भई यस कार्यालय अन्तर्गत तपसिल बमोजिम घाटगद्दी रहेका काठ/दाउरा जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दरौंदी रा. दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रचलित ऐन बमोजिम आवश्यक कागजातहरु संलग्न राखि सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१. वन पैदावारको विवरण

| लट नं. | जात | थान | परिमाण (क्यू.फि.) | चट्टा | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०८२/०८३-१ | आँप प्रजातिको काठ र दाउरा | ७० | ३४७.४९ | २.५ | ७९४९८/- | १०४८००/- | वन नियमावली २०७९ को नियम ३६ बमोजिम आ.व. २०८१/०८२ मा पा.न.पा. ०९, कोषगाडे वगैंचा मा कटान भई कटान स्थकमा नै घाटगद्दी भएको। |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय:
   क) मिति:२०८३/०१/१५ ख) समय: कार्यालय समय भित्र

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:
   क) मिति: २०८३/०१/१६ ख) समय: दिउँसो १२ बजे भित्र

४. वोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम डिभिजन वन कार्यालय (कार्यालय कोड नं. ३०७०२३६०१४) को धरौटी खाता राष्ट्रिय वाणिज्य बैंक खाता नं. ३०६०१००२०२०३०००० मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ।

५. वोलपत्र फारम १०००/- (न्यूनतम मुल्यको आधारमा) का दरले पछि फिर्ता नहुने गरी तिरी यस कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

६. लिलाम बढाबढ हुने वन पैदावार माथि उल्लेखित स्थानमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

७. सिलवन्दी वोलपत्रमा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कर दर्ता/चुक्ता प्रमाण पत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्र र मुल्य अभिवृद्धि कर दर्ता समाण पत्रको प्रतिलिपि वा स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपि वोलपत्र साथ पेश हर्नु पर्नेछ।

✉ dfogorkhaofficial@gmail.com www.dfogorkha.gov.np

CamScanner

# डिभिजन वन कार्यालय, गोरखा

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, गोरखा

८. निर्धारित न्यूनतम संख्यामा र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचना प्रकाशन गरी खोल्ने मिति तय गरिनेछ
९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च लगायतका आवश्यक कर रकमहरु छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।
१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।
११. बैंक जमानत धरौटीका रुपमा पेश गरेमा कम्तीमा छ महिनाको हुनुपर्नेछ।
१२. बोलपत्र सदर वा बदर गर्ने तथा सूचनामा उल्लेखित प्रकरणहरुमा हेरफेर गर्न सक्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

२०८२/१२/२५
मदन मोहन शाण्डिल्य
डिभिजनल वन अधिकृत



CamScanner